नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मकवानपुर

## प्राप्त गरिने जग्गाको मुआब्जा वितरण गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०२/०१**

नेपाल सरकार, मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) द्वारा सञ्चालित ४०० के.भि. क्षमताको विद्युत् प्रसारण आयोजना अन्तर्गत रातमाटे सबस्टेसन देखि नयाँ हेटौंडा सबस्टेसन खण्ड अन्तर्गत मकवानपुर जिल्लाको हेटौंडा उप-महानगरपालिका, थाहा नगरपालिका तथा कैलाश र राक्सिराङ गाउँपालिकामा पर्ने यस कार्यालयबाट मिति २०८०/०५/०१ र २०८०/१०/१८ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसारका जग्गाहरूको मुआब्जा निर्धारण गर्न मिति २०८१/०१/२८ गते जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको बैठकबाट मुआब्जा निर्धारण भएको छ । मुआब्जा पाउने जग्गाधनीहरूले निम्नानुसारका हकदैया भोगचलन सम्बन्धी प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालय वा एमसिए-नेपालको मकवानपुर जिल्ला स्थित सम्पर्क कार्यालयमा निवेदन दिनुहुन जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ (१) को प्रयोजनकालागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनामा चित्त नबुझ्ने व्यक्तिले ऐ.ऐनको दफा १८ (२) अनुसार यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौंमा उजुरी गर्न सक्ने बेहोरा समेत जानकारी गराइन्छ ।

**निवेदनसाथ पेस गर्नुपर्ने प्रमाणहरू** :

(१) सक्कल जग्गाधनी प्रमाण पुर्जा, (२) चालू आ.व.को तिरो तिरेको रसिदको प्रतिलिपि, (३) जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) आफ्नो नाउँमा जग्गा नभएको हकवाला व्यक्तिले जग्गाधनीको मृत्युदर्ता प्रमाणपत्र, नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि तथा वडा कार्यालयको किटानी सिफारिस पत्र ।

**पुनश्चः** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ अनुसार मिति २०८०/०५/०१ र २०८०/१०/१८ मा प्रकाशित सूचना अनुसारका स्रेस्ता फेला नपरेका वा नेपाल सरकार उल्लेख भएका तर जग्गाधनीबाट हकदाबी गर्न प्रमाण सहित निवेदन पेस भएका जग्गाका स्रेस्ता पुर्जाहरूका सम्बन्धमा मालपोत तथा नापी कार्यालयबाट यकिन गरी/गराई सोही अनुसार मुआब्जा भुक्तानी दिने निर्णय भएको व्यहोरा समेत जानकारीकालागि अनुरोध छ ।